# “इनरुवा डे (दिवस)” कार्यक्रमको मापदण्ड, २०८३

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८३।०१।१५ गते

प्रमाणीकरण मितिः २०८३।०१।१७ गते

**प्रस्तावनाः**

इनरुवा नगरपालिकाको नगर सभाको पन्ध्रौं अधिवेशनले इनरुवा नगरपालिकाको स्थापना, विकास तथा विभिन्न क्षेत्रमा अग्रणी भूमिका निर्वाह गर्ने व्यक्तित्वहरूको सम्मान गरी उनीहरूको योगदानको कदर गर्न “इनरुवा डे” कार्यक्रम मनाउने कार्यक्रमका लागि बजेट विनियोजन गरेको हुँदा उक्त कार्यक्रम संचालन गर्न वान्छनिय भएकोले,

इनरुवा नगरपालिकाको नगर कार्यपालिकाले यो मापदण्ड तयार गरी लागू गरेको छ।

## १. उद्देश्यः

इनरुवा डे (दिवस) कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिम रहेको छ ।

क. इनरुवाका ऐतिहासिक तथा सामाजिक योगदानकर्ताहरूको सम्मान गर्नु,

ख. इनरुवाको इतिहास संरक्षण तथा प्रचारप्रसार गर्नु,

ग. समाजमा सकारात्मक प्रेरणा प्रदान गर्नु ।

## २. सम्मानका विधाहरूः

क. इनरुवाको स्थापना तथा विकासमा योगदान गर्ने व्यक्तिहरू,

ख. शैक्षिक, धार्मिक तथा सार्वजनिक संस्थाका लागि जग्गा दान गर्ने व्यक्तिहरू,

ग. इनरुवाका पहिलोः

- नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्री/राज्यमन्त्री, प्राज्ञ, नेपाल सरकारका विशिष्ट श्रेणीका कर्मचारी, नगर प्रमुख, उपप्रमुख, प्रोफेसर, शिक्षक, डाक्टर, इन्जिनियर, सांसद, वकिल, पत्रकार, लेखक, काव्यकार, कवि, खेलाडी, कलाकर्मी (विभिन्न विधाका), विभिन्न पेशामा आवद्द भई सेवा गरेका अपाङ्गता भएका व्यक्ति आदि

घ. प्रत्येक वडाबाट ज्येष्ठ नागरिक १/१ जना (एक महिला र एक पुरुष),

ङ. उत्कृष्ट किसान, श्रमिक (समग्र नगरबाट १/१ जना)

च. अन्य विशेष ऐतिहासिक योगदान गर्ने व्यक्तिहरू ।

## ३. वडा स्तरीय सिफारिस समितिः

खण्ड २ बमोजिमका व्यक्तिहरुको विवरण संकलन गरी नगर स्तरीय कार्यक्रम व्यवस्थापन तथा सिफारिस समितिमा पेश गर्न प्रत्येक वडामा तपसिल बमोजिमको वडा स्तरीय सिफारिस समिति रहनेछ ।

**तपसिलः**

- संयोजक — वडा अध्यक्ष
- सदस्य — वडा सदस्यहरु सबै

- सदस्य — स्थानीय इतिहासविद् (समितिले मनोनयन गर्ने)
- सदस्य सचिव — वडा सचिव

४. **<u>वडा स्तरीय सिफारिस समितिको काम, कर्तव्य र अधिकारः</u>**

- विवरण संकलनका लागि सार्वजनिक सूचना जारी गर्ने,
- स्थानीय ज्येष्ठ नागरिकहरुसंग भेट गरी विवरण संकलन गर्ने,
- प्राप्त नामहरूको अध्ययन तथा प्रमाणीकरण गर्ने,
- आवश्यक परे स्थलगत अध्ययन गर्ने,
- सम्बन्धित व्यक्तिको नागरिकता वा परिचय खुल्ने कागजात र सम्बन्धित प्रमाण (दानपत्र, नियुक्ति पत्र वा उक्त विषयलाई पुष्टि गर्ने कागजात सहित वडा समितिको सिफारिस आदि) समेत संलग्न राख्नु पर्नेछ,
- अन्तिम नामावली तयार गरी नगर स्तरीय कार्यक्रम व्यवस्थापन तथा सिफारिस समितिमा पेश गर्ने ।

५. **<u>नगर स्तरीय कार्यक्रम व्यवस्थापन तथा सिफारिस समितिः</u>**

- संयोजक — प्रमुख
- सह-संयोजक — उपप्रमुख
- सदस्य — प्रमुख प्रशासकीय अधिकृत
- सदस्य — वडा अध्यक्ष १ जना (संयोजकले तोकेको)
- सदस्य — महिला कार्यपालिका सदस्य १ जना (संयोजकले तोकेको)
- सदस्य — वडा सदस्य १ जना (संयोजकले तोकेको)
- सदस्य — प्रमुख प्रशासकीय अधिकृतले तोकेको २ जना कर्मचारी
- सदस्य — स्थानीय इतिहासविद् (समितिले मनोनयन गर्ने)
- सदस्य — नगर क्षेत्रका ज्येष्ठ नागरिक १ जना (समितिले मनोनयन गर्ने)
- सदस्य सचिव — प्रशासन शाखा प्रमुख

६. **<u>नगर स्तरीय कार्यक्रम व्यवस्थापन तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकारः</u>**

- वडा स्तरीय सिफारिस समितिबाट विवरण प्राप्त गर्ने,
- थप विवरण संकलनका लागि सार्वजनिक सूचना जारी गर्ने,
- प्राप्त नामहरूको अध्ययन तथा प्रमाणीकरण गर्ने,
- आवश्यक परे स्थलगत अध्ययन गर्ने,
- अन्तिम नामावली तयार गरी दावीविरोधका लागि सार्वजनिक सूचना जारी गर्ने,
- अन्तिम नामावली तयार गरी नगर कार्यपालिकामा पेश गर्ने,
- इनरुवा डे कार्यक्रम मनाउन थप आवश्यक तयारी एवम् व्यवस्थापन गर्ने ।

## ७. स्वीकृति प्रक्रियाः

- नगर स्तरीय कार्यक्रम व्यवस्थापन तथा सिफारिस समितिबाट तयार नामावली नगर कार्यपालिकामा पेश गरिनेछ,
- नगर कार्यपालिकाले प्रमाण र आवश्यकता अनुसार नामावली थपघट गर्न सक्नेछ,
- कार्यपालिकाबाट स्वीकृत नामावली अन्तिम हुनेछ,
- स्वीकृत नामावली सार्वजनिक गरिनेछ ।

## ८. इनरुवा डे कार्यक्रम आयोजना गर्नेः

- इनरुवा नगरपालिकाको स्थापना वा अन्य कुनै विषेश दिनको अवसर पारेर नगर कार्यपालिकाले तोकेको मितिमा इनरुवा डे कार्यक्रमको आयोजना गरिनेछ,
- उक्त कार्यक्रममा खण्ड ७ बमोजिम स्वीकृत नामावली अनुसारका व्यक्तित्वहरुलाई सम्मान गरिनेछ,
- सम्भव भएसम्म कार्यक्रम सार्वजनिक स्थानमा आयोजना गरिनेछ,
- कार्यक्रमलाई विषेश बनाउन स्टेज निर्माण गर्ने, साउण्ड सिस्टम व्यवस्थापन गर्ने, स्थानीय जातजाती विषेश नाच तथा झाँकीहरु प्रस्तुत गर्ने लगायतका कार्य गर्न सकिनेछ ।

## ९. सम्मानको स्वरूपः

बजेटको उपलब्धताको आधारमा नगर कार्यपालिकाको निर्णय बमोजिम सम्मानको स्वरुप निर्धारण गरिनेछ ।

## १०. बजेट व्यवस्थापनः

इनरुवा डे कार्यक्रम आयोजना गर्न आवश्यक बजेटको व्यवस्था इनरुवा नगरपालिकाको नगर सभाले गर्नेछ । नगर सभा बाट बजेट विनियोजन नभएको अवस्थामा उपर्युक्त शिर्षकबाट खर्च हुने गरी नगर कार्यपालिकाले बजेट व्यवस्थापन गर्न सक्नेछ ।

## ११. पारदर्शिताः

- कार्यक्रमको प्रक्रिया पारदर्शी हुनेछ,
- कार्यक्रममा भएको खर्च विवरण सार्वजनिक गरिनेछ ।

## १२. विविधः

- मरणोपरान्त सम्मान गर्न सकिनेछ (सम्बन्धित व्यक्तिको मृत्यु भईसकेको भए निजको नजिकको परिवारको सदस्यलाई उक्त सम्मान पत्र हस्तान्तरण गरिनेछ),
- विषेश कारणबस कार्यक्रममा उपस्थित हुन असमर्थ भए निजको नजिकको परिवारको सदस्यलाई उक्त सम्मान पत्र हस्तान्तरण गरिनेछ,
- अन्तिम निर्णय नगर कार्यपालिकाले गर्नेछ ।